**लैंगिक हिंसा रोकथाम: एशिया र प्रशान्त क्षेत्रका प्रमाणमा आधारित समाधान र अभ्यासहरू बिषयक सत्रमा सम्बोधन**




लैंगिक हिंसा रोकथाम तथा नियन्त्रणका लागि एशिया र प्रशान्त क्षेत्रका मुलुकहरुले अवलम्वन गर्दै आएका असल अभ्यासहरूकोआदान प्रदान गर्न २०२५ फेब्रुअरी २६ मा आयोजित संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषबाट आयोजित सत्रमा राष्ट्रिय योनजा आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीले सम्बोधन गर्नुभयो। संबोधनका क्रममा नेपाल सरकारले लैङ्गिक हिंसा (GBV) नियन्त्रणका लागि प्रत्यक्ष र परिणाममुखी कार्यक्रम सञ्चालनमा प्राथमिकता दिएको उल्लेख गर्दै यस उद्देश्यका लागि नेपालमा लैङ्गिक उत्तरदायी बजेट कोड कार्यान्वयन भएको र आर्थिक वर्ष २०८१८२ मा कुल बजेटको करिब ४३% रकम प्रत्यक्ष रुपमा लैंगिक उत्तरदायी बजेट रहेको उल्लेख गर्नुभयो। उहाँले नेपलमा लैंगिक उत्तरदायी बजेट महिलाको सशक्तीकरण, स्थानीय नेतृत्वको विकास, र संस्थागत उत्तरदायित्वलाई बलियो बनाउन केन्द्रित रहेको विषयमा प्रकाश पार्दै समुदायमा आधारित कार्यक्रम, सीपमूलक तालिम, लघुवित्तीय पहुँच विस्तार, र सामाजिक सुरक्षा कार्यक्रमहरू मार्फत महिलाको सशक्तीकरणका लागि गरिएका प्रयासहरुका बारेमा उल्लेख गर्नुभयो । साथै, किशोरी लक्षित 'रूपान्तरण' कार्यक्रम, एकीकृत संकट व्यवस्थापन केन्द्र (OCMC) र सुरक्षित आवास मार्फत प्रदान गरिने कानूनी, चिकित्सकीय, र मानसिक सहयोग, लैङ्गिक संवेदनशील कानूनी संरचना लागायतको कार्यान्वयनबाट लैङ्गिक हिंसा रोकथामलाई दिगो र प्रभावकारी बनाइएको विषयमा प्रकाश पार्नुभयो ।